# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

| वर्ष-२ | अंक-४६ | २०७५ जेष्ठ १६ गते बुधबार | 30 may 2018 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|



**विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै**

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।


# चामल ढुवानीमा कमिसनको खेल

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको पलाता गाउँ पालिका र आसपास क्षेत्रका बासिन्दाले चामलको चरम अभाव झेल्दै आएका छन् । नेपाल खाद्य संस्थान सुर्खेत बिक्री वितरण शाखाले थिर्पु खाद्य डिपोमा खाद्यान्न ढुवानी नगर्दा खाद्यान्नको चरम अभाव भएको हो । सधैं भोकमरी हुने पलाता क्षेत्रमा खाद्यान्नको अभाव हुँदा यसपटक पनि भोकमरी हुने संकेत देखिएको छ ।

नेपाल खाद्य संस्थान बिक्री वितरण केन्द्र सुर्खेतका प्रमुख भीमबहादुर थापाले कमिसन मागेको र आफूहरूले दिन नमानेका कारण खाद्यान्न ढुवानीमा समस्या भएको ढुवानी जिम्मा लिएका ठेकेदारहरूको आरोप छ । 'खाद्यान्न ढुवानीका लागि सुर्खेत वितरण केन्द्रका प्रमुखले कमिसन माग्नु भएको थियो,' एक ठेकेदार कमल गुरुङले भने, 'हामीले दिन मानेनौं, त्यही भएर ढुवानी गर्न समस्या भएको हो ।' अर्का खाद्यान्न ढुवानीका ठेकेदार निलो तिरुवाले पनि ढुवानी रकममा हाकिमले मागेको कमिसन आफूहरूले दिन नमानेकै कारण पलाता क्षेत्रका लागि छुटाएको खाद्यान्न नै कटौती भएको आरोप लगाएका छन् । 'चामल ढुवानीमा कमिसन खेलका कारण पलाता क्षेत्रको खाद्यान्न ढुवानीमा नै कटौती भएको छ,' उनले भने, 'यसमा सुर्खेतका हाकिमले बदमासी गरेका छन् ।' नेपाल खाद्य संस्थान सुर्खेत बिक्री वितरण शाखाका प्रमुख भीमबहादुर थापालाई सम्पर्क गर्दा फोन उठेन । नेपाल खाद्य संस्थान बिक्री वितरण केन्द्र सुर्खेतले केही बदमासी गरेकाले खाद्यान्न



सदरमुकाममा रहेको संस्थानको कार्यालयमा चामल लिन आएका स्थानीय ।

ढुवानीमा समस्या आएको नेपाल खाद्य संस्थान बिक्री वितरण महाशाखा थापाथली काठमाडौंका प्रमुख सुरेन्द्र विष्टले बताए । 'हामीले पनि सुर्खेत वितरण केन्द्रबाट खाद्यान्न ढुवानीमा केही बदमासी गरेको भन्ने सुनेका छौं,' उनले भने, 'त्यही भएर पलाताको थिर्पु डिपोमा खाद्यान्न ढुवानीमा समस्या आएको छ ।' नेपाल खाद्य संस्थान केन्द्रीय कार्यालय थापाथलीले कर्णाली प्रदेशका २७ वटा डिपोमा ९२ हजार क्वीन्टल खाद्यान्न माग भएको तर पलाता क्षेत्रको थिर्पु डिपोका लागि खाद्यान्न नै माग नगरेको जनाएको छ । नेपाल खाद्य संस्थान सञ्चालन समितिले मौज्दात खाद्यान्न सकिएको र थप खाद्यान्न ढुवानीका लागि स्विकृति नगर्दा माग भएर आएको खाद्यान्न आपूर्ति गर्न नसकिएको नेपाल खाद्य संस्थान बिक्री वितरण महाशाखा काठमाडौंले जनाएको छ। कर्णाली क्षेत्रका विभिन्न डिपोबाट खाद्यान्न माग आएको तर सञ्चालक समितिले थप खाद्यान्न ढुवानी स्विकृति नगर्दा समस्या भएको छ । पलाता क्षेत्रमा खाद्यान्नको चरम संकट भएकाले आपूर्तिका लागि नेपाल खाद्य संस्थानसँग माग गरिएको तर अहिलेसम्म खाद्यान्न नआएको पलाता गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताए । उनले भने, 'खाद्यान्न नहुँदा भोकमरी हुने देखिएको छ । 'गाउँमा

**बाँकी ८ पृष्ठमा..**

## तिलागुफाको फोईकोट छाउगोठ मुक्त गाउँ घोषणा

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको तिलागुफा नगरपालिका वडा नं. ३ फाईकोट गाँउलाई छाउगोठ मुक्त गाँउ घोषणा गरिएको छ । वडामा रहेका सबै गोठ भत्काएर महिनावारी भएका महिलाहरू सुरक्षित रुपमा घर भित्रै बस्न थालेपछि उक्त गाँउलाई भव्य समारोहकाबीच छाउ गोठ मुक्त वडा घोषणा गरिएको हो । नगरपालिकाका ११ वटा वडा मध्ये दुई वटा वडाहरु छाउगोठ मुक्त घोषणा भएका छन् ।

छाउ प्रथा नमान्ने, गोठमा नबस्ने, खान बस्नमा विभेद नगर्ने लगायतका बुद्धामा सबै वडाबासीहरुले सामुहीक प्रतिवद्धता जनाएका छन् । तिलागुफा नगरपालिका वडा नं ३ का वडा अध्यक्ष सूर्यबहादुर शाहीको अध्यक्षता तथा वडा नं १ का वडा अध्यक्ष दलबहादुर कटुवालको प्रमुख आतिथ्यतामा सामुहीक प्रतिवद्धता भएको छाउगोठ मुक्त वडा कार्यक्रममा महिलाहरुलाई महिनावारी भएको समयमा सरक्षित बास र पोषिलो खानेकुरा खुवाने र घर बाहिर नबसाल्ने सबैले बाचा गरे । तिलागुफा नगरपालिका वडा नं ३ को आयोजना तथा बी गुप्रको आर्थिक सहयोगमा वडा नं ३ लाई छाउगोठ मुक्त वडा घोषणा


**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# प्यारो जन्मभुमि दैलेख



कृष्ण दैलेखी

नेपालको ७७ जिल्लाहरु मध्येको एक हो दैलेख । भौगोलिक रुपमा यसलाई हेर्दा पहाडि भेगमा पर्दछ । यहाँको हावा पानीको सिजन अनुसारको पाईन्छ। यहाँ बिभिन्न जात जातिका मानिसहरु बस्ने गर्दछन । दैलेख जिल्लामा हिन्दु धर्म मानिसहरुको संख्या धेरै छ भन्दा कुनै फरक नर्पला । यहाँको बनावट अनुसारले पनि शोभा बढाएको छ ।

वारिपारी डाँडापाखा बिचमा मिलेको सदरमुकाम दैलेख बजार दैलेख । जिल्लाको कुल जनसंख्या लगभग ३ लाख रहेको छ। यहाँ कुल साक्षरता ८० प्रतिशत रह्रेको अनुमान गरिएको छ। यहाँ करिब २० भाषा बोलीचाली गर्ने गरिन्छ। यहाँ ४ नगरपालिका र ७ गाउँ पालिका रहेका छन्। दैलेखमा प्रसिद्ध धार्मिक पञ्चकोशी तिर्थस्थल यस प्रकार रहेका छन ।

(१) श्रीस्थान
(२) नाविस्थान
(३) पादुका
(४) धुलेस्वर
(५) कोटिला



यहाँ दैनिक आन्तरिक तथा वाह्य पर्यटकहरु आउने गर्दछन। यहाँ प्रसिद्ध खेतीहरुमा गहुँ, मकै रहेको पाइन्छ। दैलेखका बिभिन्न ठाउँहरुमा फरक फरक बिषय बस्तुले यहाँको परिचय तथा शोभा बढाएका छन। ना न पा १ मा रहेका प्याकोडा शैलिमा गडि, ना न पा ६ मा रहेको पञ्चदेवल, एकातिर लोहोरे खोला अकोतिर छामघाट खोला, तल चुप्राबजारले दैलेखको स्वभालाई अझ झन रोचक बनाएको छ दैलेखको ना न पा ११ मा रहेको त्रिपानी राईमा रहेको एक सुन्दर दृश्यले मानिसहरुलाई आन्नद प्रदान गरेको पाइन्छ। त्यहाको चिसो पानी खादा छुट्टै आन्नदको हुने गर्दछ । कराइलि त्रिपानिमा जेष्ठ महिनाको औसि पुर्णिमा मा ठुलो मेला लाग्ने गर्दछ सो मेला करिब ५ हजार देखि १० हजार सम्म मानिस हरुको भिड हुने गर्दछ। त्यो मेलामा काडाँ, चौराठा, गन्म, पग्नाथ, रुम, लाँकुरी देखि समग्र दैलेख जिल्लाका मानिसहरु त्यो मेला लाई अवलोकन गर्ने गर्दछन्। यस्तै बिभिन्न किसिमका मठ मन्दिर चैत्रे गुम्बा प्याकोडा



यहाँ बिभिन्न जिल्ला लगाएत छिमेकी जिल्ला भारत बाट पनि यहा पुजा आजा गर्ने मासिसहरुको भिड लाग्ने गरेको पाइन्छ । भगवतिमाई गाउँपालिका ३ मेहेल्तोली दैलेखमा भगवतिमाई रहेको छ। जुन दशैको अबसर पारेर पुजा आजा तथा मेला लाग्ने गर्दछ । मेलामा कबि १०० देखि १५०० जनाको भिड लागेको पाइन्छ। नौमुले गाउँपालिकामा रहेको द्वारी झरना नौमुलले पनि श्वभा बढाएको छ। दैलेखको उच्च शिरमा रहेको महाबु जहा शिवलिङ्ग रहेको छ। जस मन्दिरमा ठुलो शक्ति रहेको र मानिसहरुका मनोकामनाहरु पुरा हुने विश्वास रहेको छ। यहा हरेक बर्षको श्रावण महिनाको जनैपुणिमामा मेला लाग्ने गर्दछ मेलामा देश विदेशका करिब १० हजार देखि १५ हजार सम्म भक्तालुहरुको भिड हुने गर्दछ। दैलेख जिल्लाको दुल्लुमा रहेको दुल्लु दरबार रहेको इतिहासमा लेखिएको पाइन्छ । अहिले पछिल्लो समयमा त्यसको संरक्षणको अभाबका कारण जिण अबस्थामा रहेको पाइन्छ ।

त्यसैलै जिल्लाका बिभिन्न नगरपालिका र गाउँपालिकाका बिभिन्न ठाउँहरुमा रहेका धार्मिक तथा ऐतिहासिक वस्तुहरुले दैलेखको परिचय दिएको छ। प्यारो जन्मभुमि दैलेख संसारकै नमुना लाग्छ । दैलेख जिल्लामा रहेका कुनै पनि तिर्थस्थल, पाटि, पौवा हरुको हामि सबै मिलेर यस्ता सम्पदाहरुको संरक्षण गर्नु पर्छ। यि हाम्रा पहिचान हुन। गहना हुन ।

पश्चिमनेपाल खबरबाट

एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट

जनहितमा जारी सन्देश
मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।
खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly
बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
कम्प्युटर अप्रेटरःलिलाराज संज्याल
बजार ब्यवस्थापकःनिशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५
मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट
www.missionenews.com

क्षयरोग (टि.बी.) का लक्षणहरु
१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।
पचाल झरना गाउँपालिकाको कार्यालय
कालीकोट

# कर्णाली प्रदेश सरकारको सय दिन : निर्णय तीव्र, कार्यान्वयन सुस्त

**मिसन न्युज**

सुर्खेत-वर्षौंदेखि केन्द्रीय राज्यबाट पछाडि पारिएको कर्णालीले देश संघीयतामा गएसँगै विकास र समृद्धिको आशा कर्णालीवासीले गरेका थिए । कर्णाली प्रदेश निर्माणका लागि पनि आन्दोलन गरेर अझ रगत नै बगाएर कर्णाली प्रदेशको स्थापना गरे र कर्णालीले प्रदेश सरकार पनि पाएको छ। कर्णाली प्रदेश सरकारले आफ्नो १०० दिन पूरा गरेको छ। माघ ३ मा कर्णाली प्रदेश सरकारले महेन्द्रबहादुर शाहीको मुख्यमन्त्रिको नेतृत्वमा सरकार पाएको थियो । कर्णाली सरकारले 'हनिमून पिरियड' पनि पार गरेको छ। कर्णाली सरकारको पहिलो बैठकबाट नै २१ वटा निर्णय गरेको थियो । जसमा कर्णाली रारा पर्यटन वर्षदेखि अर्गानिक प्रदेश निर्माण गर्ने सम्मका थिए। यो हनिमून पिरियडमा सरकारले करिब तीन दर्जन भन्दा बढी निर्णय गरेको छ। कर्णाली सरकारले धमाधम निर्णय गरे पनि कार्यान्वयनको पाटो भने सुस्त देखिएको छ । प्रदेशको नामाकरण र राजधानी तोक्न सफल कर्णाली सरकार सबै भन्दा महत्वपूर्ण र सफल काम भनेको प्रदेशको नामाकरण र राजधानीको टुगों लगाउनु नै हो । देशका अन्य प्रदेशले प्रदेशको नामाकरण र राजधानीको टुंगो लगाउन कुनै काम नभएको अवस्थाम कर्णाली प्रदेशले प्रदेशको नाम र राजधानीको टुंगो सर्वसम्मत रुपमा लगाएको छ । कर्णाली सरकारले यो सबै भन्दा महत्वपूर्ण सफलता मानेको छ । रारा पर्यटन वर्षको घोषणा कर्णाली सरकारले पहिलो बैठकमा नै निर्णय गरेको कर्णाली रारा पर्यटन वर्ष २०७५ को भव्य रुपमा उद्घाटन गरी सुरुवात गर्नु अर्को सफलता मानिएको छ। राराबाट पुरै देशको ध्यान आफूतिर आकर्षित गर्न सफल रह्यो कर्णाली सरकार। प्रधानमन्त्री केपी शर्मा ओलीले राराबाटै राष्ट्रका नाममा सम्बोधन गर्नु पनि सरकारको सफलताको रुपमा हेरिएको छ। प्रदेशका मन्त्रीहरूले यही कुरालाई पटक पटक सफलता पनि भन्दै आएका छन् । निर्णयहरू अलपत्र अवस्थामा कर्णाली सरकारले क्याबिनेटको पहिलो बैठकबाट नै २१ वटा निर्णय गरेको थियो । तर निर्णय कार्यान्वयनको तहमा जान




सकिरहेका छैनन् । डिजिटल प्रदेश निर्माण गर्ने, अर्गानिक कृषिमा जोड दिने देखी हुम्ला र डोल्पामा यथासिघ्र सडक पुर्याउने सम्मका निर्णयहरू गरेको थियो । तर कर्णाली रारा पर्यटन वर्षको घोषणा, केही नियमावली पारित गर्ने, हरेक महिनाको १ गते र १५ गतेलाई श्रम दिनका रुपमा मनाउने बाहेक अन्य निर्णयहरू खासै कार्यान्वयनमा आउन सकिरहेको छैन । कानुन निर्माण गति सुस्त प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने कानुन निर्माणमा पनि अपेक्षा गरिए अनुसार काम हुन सकिरहेको छैन । विषयगत मन्त्रालयहरूले पर्याप्त कानुन बनाउन सकिरहेको छैनन् । घोषणा गरेका कार्यक्रमहरू कानुन अभावमा कार्यान्वयन हुन सकिरहेको छैनन्। बजेट कार्यान्वयनमा समस्या आर्थिक वर्ष २०७४ र ०७५ मा ३ महिनाका लागि ल्याइएको बजेट पनि कार्यविधि नवन्दा कार्यान्वयन हुन सकिरहेको छैन। बजेट कसरी खर्च गर्ने भन्ने चिन्तामा प्रदेश सरकार राउन सक्छ। बनेका योजना अलपत्र बन्ने अवस्था रहेको छ। कर्णाली प्रदेश सरकारले बजेट पारित गरेको धेरै समय विते पनि रातो किताब सांसदहरूलाई दिन नसकेको प्रमुख प्रतिपक्ष दलका नेता जीवन शाहीले बताए । सार्वजनिक कार्यक्रममा मन्त्रीको ताँती मन्त्री परिषदको बैठकबाट दर्जनौ

बाँकी ८ पृष्ठमा.....

**नेपाल सरकार**
**केन्द्रीय तथ्याङ्क विभाग**
**आर्थिक गणना कार्यालय कालिकोटको अनुरोध**

यही मिती २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, व्यापारब्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थालगायत राजनीतिक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउँदै छन् । आ-आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौँ । तपाईहरुले दिनुभएको विवरणहरु तथ्याङ्क ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन् । निर्धक्क भई यस गणनामा सहभागी बनौं ।

**नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग**
**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**शुभकालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method

अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**



**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**

**सुचना विभाग**



**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।**

**पलाँता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कालिकोट**


# स्वास्थ्य

## थाइराइड थाहा पाउने तरिका र यसका लक्षणहरु

विश्वका आधाभन्दा बढी जनसंख्या थाइराइड रोगबाट ग्रसित रहेको छ। यो रोग पुरुषको तुलनामा महिलालाई धेरै हुने गर्छ। थाइराइड ग्रन्थि पुतली आकारमा सास नलीको माथिल्लो भाग तथा रुद्रघण्टीको दुवैतर्फ दुई भागमा हुन्छ। थाइराक्सिन नामक हर्मोनको उत्पादन गर्ने यस ग्रन्थिले मुटु, मस्तिष्क, मिर्गौला लगायतका शरीरका विभिन्न भागलाई नियन्त्रण गर्छ। जब शरीरमा थाइराइड हर्मोनको कमी हुन्छ, तब शरीरले खानालाई शक्तिमा परिणत गर्न सक्दैन। यसबाट शरीरमा विभिन्न समस्या उत्पन्न हुने गर्छ। यो रोग मेटाबोलिज्मको कमीका कारण हुने भएकाले यसलाई अटो इम्युन डिजिज पनि भनिन्छ। जब शरीरको रोग निरोधक शक्तिले आफ्नै शरीरको स्वस्थ कोष वा ग्रन्थिहरूलाई भत्काउन सुरु गर्छ, तब शरीरमा अटो इम्युन डिजिज हुने गर्छ। त्यसबाहेक शल्यक्रिया, विभिन्न औषधीहरूको सेवन तथा रेडियसन थेरापीका कारण हर्मोनको गडबडी भई यो रोग लाग्नसक्छ। यो रोग आफैमा निको नहुने रोग हो। त्यसैले थाइराइडको समस्यालाई पूर्ण रूपले निको पार्न नसकिए पनि विभिन्न उपचार पद्धतिद्वारा यसलाई नियन्त्रण भने अवश्य गर्न सकिन्छ।सामान्यतया थाइराइड रोग दुई किसिमको हुन्छ। हाइपरथाइराइडिज्म र हाइपोथाइराइडिज्म-शरीरमा थाइराइड ग्रन्थिले आवश्यकताभन्दा बढी मात्रामा थाइराइड हर्मोनको उत्पादन गरेमा त्यसलाई चिकित्सकीय भाषामा हाइपरथाइराइडिज्म भनिन्छ। त्यस्तै गरी शरीरमा थाइराइड हर्मोनको कमी भएमा त्यसलाई हाइपोथाइराइडिज्म भनिन्छ। हाइपोथाइराइडिज्म र हाइपर थाइराइडिज्मको समस्या व्यक्तिपिच्छे



फरक हुन्छ। त्यसैले यसको लक्षण पनि विभिन्न किसिमको हुन्छ। **शरीरमा हाइपरथाइराइडिज्मको समस्या भएमा लक्षणहरु-** १.शरीर कमजोर हुने तथा थाक्ने गल्ने, काम गर्न जाँगर नचल्ने, छाला फुस्रो हुने, २.जीउ सुन्निने ३.तीव्र गतिमा तौल बढ्ने ४.गर्मी तथा चिसो छिट्टै महसुस हुन, ५.कब्जियत हुने, निद्रा नलाग्ने **शरीरमा हाइपोथाइराइडिज्मको समस्या भएमा लक्षणहरु-** १.शरीर दुब्लाउँदै जाने,२.जीउ तातिने, ३.दिसा लागिरहने, ४.धेरै पसिना बग्ने, यस्ता लक्षण व्यक्तिअनुसार फरक हुने भएकाले आफूलाई थाइराइड भएको शंका लागेमा रगत जाँच गरेर यो रोग पत्ता लगाउन सकिन्छ। त्यसबाहेक, यस्ता लक्षण देखिएमा पनि थाइराइड रोग लागेको थाहा पाउन सकिन्छ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# मुगुका आगलागी पीडितको बिचल्ली
# वर्खा अगावै ओत लाग्ने घर बनाइ दिन माग



मुगुको आगलागीले नस्ट गरेको किम्रीगाउँ

**नन्द बहादुर रोकाया**

मुगु -गत वैशाख २० गते भएको भिषण आगलागीबाट पीडीत मुगु कार्मारोङ्ग गाउँपालिका वडा नम्बर ४ किम्रीगाउँका १९ घरका पीडितहरु रुदै दिन कटाउन बाध्य भएका छन । १९ घरका १५० जना घर आगो लागेसंगै पालको छानोमा ओत्त लागी रात कटाइ रहेका छन् । बैशाख २० गते लागेको आगलागीबाट १९ घर जलेर पुर्ण रुपमा ध्वस्त भएका थिए ।

हालसम्म १७ घरले मात्र राहत पाएका स्थानीयको गुनासो छ । आगलागीपछि सरकारी तथा गैर सरकारी निकायबाट तत्काल राहत सामाग्री पुगेपनि वर्खाको बेला टहरामा कसरी बस्ने भन्ने चिन्तामा पीडितहरू छन् । अग्नी पीडीत स्थानीयवासी अहिले विभिन्न सरकारी तथा गैर सरकारी निकायबाट उपलब्ध गराएका पाल रगाउँलेले सहयोग गरेको काठ बेरेको टहरामा रात कटाउन बाध्य छन् । 'छिमेकीले दिएको खाने कुराले विहान बेलुकी पेट भरेका छौ तर विद्यालय जाने बालबालिका र गाई बस्तुको अवस्था देख्दा मन दुखेर आउछ, डाको छोडेर रुन मन लाग्छ' सोनाम छिरिङ्ग लामाले भने । यो समय मुगुका पुर्वी भेगका स्थानीयवासीका यार्सा संकलन गर्न जाने समय हो । यार्सा संकलन गर्दा उनीहरुको वर्ष भरिको आम्दानी हुन्छ। तर किम्री गाउँका अग्नी पीडित १७ घर परिवारलाई भने सकश देखिएको छ। घरमा भएको लुगा फाटो अन्नपात सबै जलेर नष्ट हुँदा हिमाल कसरी जाने भन्ने तनाव उत्पन्न भएको लामाले बताए । 'एकसरो लुगा बाहेक अरु केही बचेन। आफन्त जनले नासो स्वरुप दिएको चिउरा, दालमोठ , चाउचाउ लिएर हिमालमा यार्सा टिप्न जानु परेको छ' कार्मा वाङ्गजुक लामाले भने । अग्नि पीडितका लागि तत्काल आधारभुत राहत व्यवस्था गरिए पनि उनीहरुको अस्थायी पुर्नवास व्यवस्थापन का लागि विभिन्न गैर सरकारी संघ संस्था, निजी क्षेत्रसंग समन्वय गर्ने कार्य जारी रहेको जिल्ला दैवी प्रकोप व्यवस्थापन समितिले जनाएको छ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौँ ।

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## तिलागुफाको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझोँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालीकोट**

## रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।**

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

*एक घर एक करेसावारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# यार्साले पढाइ अधुरो, विद्यालय ठप्प

**मिसन न्यूज**

मुगु/डोल्पा – मुगमकार्मारोङ गाउँपालिकाका २६ सामुदायिक विद्यालय अहिले सुनसान छन्। बालबालिका यार्चा टिप्न पाटनतिर लागे । पढाउन नपर्ने भएपछि शिक्षकलाई पनि हाइसन्चो छ। मुगुको पाटन क्षेत्रमा यार्चा संकलनमा जुटेका एक बालक । उनीहरू यार्चा सिजनको दुई महिना नपढाएरै तलब थाप्छन् । यसको असरले विद्यार्थीहरू 'कोर्स' नसकीकनै परीक्षामा बस्न बाध्य हुन्छन् । आधारभूत विद्यालय रोवाका प्रधानाध्यापक चन्द्रप्रकाश बडुवालका अनुसार यस क्षेत्रका करिब पाँच सय विद्यार्थी पाटनतिर गएका छन्। 'हामीले यसअघि पटक-पटक बालबालिकालाई पाटन नलैजान अभिभावकलाई आग्रह गर्‍यौं तर कसैले मानेनन् ,' उनले भने, 'यसले गर्दा बर्सेनि बालबालिकाको शिक्षामा असर पर्ने गरेको छ ।' यार्चा यात्राका कारण विद्यालय सुनसान भएपछि डोल्पाका शिक्षक पनि घाम तापेर घर फर्किन्छन् । यार्चा सिजन सुरु हुनु केहीअघि गरिएको विद्यालय अनुगमनमा करिब ९५ प्रतिशत अनुपस्थित भेटिएका थिए । शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख डोलराज काफ्लेका अनुसार विद्यार्थी पाटन गएपछि धेरैजसो शिक्षक विद्यालय खोलेर एकरडेढ घण्टा घाम ताप्ने र फर्कने गरेका छन् ।



विद्यालय सुचारु पचात् विद्यार्थीको अनुपस्थीत भएको विद्यालय ।

शुक्रबार दुनैस्थित सरस्वती माध्यमिक विद्यालयमा ६ शिक्षक कार्यालयअगाडि घाम तापेर बसेका भेटिए। प्रधानाध्यापक सत्यनारायण सिंहले 'यार्चा संकलनको समयमा पढाउँछौं, कोही पनि विद्यार्थी पाटन नजानू' भनिए पनि विद्यार्थीले अटेर गरेको बताए । उपल्लो दुनैको ध्रुवतारा आधारभूत विद्यालयमा शुक्रबार पाँचजना मात्र विद्यार्थी आएको शिक्षक लक्ष्मण कार्कीले बताए । विद्यालयमा ५७ विद्यार्थी अध्ययनरत छन्। **नपढाएरै तलब**-मुगमकार्मारोङ गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले अधिकांश समय नपढाएरै तलब लिने गरेका छन् । जेठमा यार्चा सिजन, जाडोमा तीन महिना बिदा र दसैंरतिहारमा डेढ महिना बिदा हुने गरेकाले शिक्षकले करिब ६ महिना नपढाएरै तलब बुझ्छन् । स्थानीयले यार्चाका कारण खेर जाने समयलाई अन्य बिदा छोट्याएर सदुपयोग गर्न माग गरेका छन् । गाउँपालिका अध्यक्ष छिरिङक्याप्ने लामाले यार्चाको कारण विद्यालय बन्द हुने विडम्बना अन्त्य गर्न पहल भइरहेको बताए । उक्त गाउँपालिकामा १५ विद्यालय छन्। **कोर्स नसकेरै परीक्षामा**-यार्चाका कारण विद्यालय बन्द हुँदा शिक्षकले नपढाए पनि तलब खान्छन्, अर्कोतिर विद्यार्थी नपढेरै परीक्षामा बस्न बाध्य हुन्छन् । हिउँदे बिदा, पर्व बिदा र यार्चाको कारण विद्यालय बन्द हुँदा झन्डै ६ महिना पढाइ हुँदैन । यसको असर कोर्समा पर्छ । विद्यार्थी आधा कोर्स पढेर परीक्षामा सहभागी हुन्छन् । मुगुगाउँका छिरिङतोर्चे लामा यस्तै अवस्थाले विद्यार्थीको शैक्षिक अवस्था दयनीय रहेको बताउँछन् । 'अधुरो पढाइकै कारण ५ कक्षामा अध्ययनरत विद्यार्थीले राम्ररी शब्द उच्चारण गर्न सक्दैन,' उनले भने, 'विभिन्न बहानाले पढाइ नभएपछि कसरी राम्रो होस् शिक्षा ? 'एसईई नतिजा केलाउँदासमेत कहालीलाग्दो चित्र देखिन्छ । कान्तिपुरबाट


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

मिसन न्यूज | २०७५ जेष्ठ १६ गते बुधबार | 30 may 2018 Wednesday | अन्तिम पृष्ठ | ८

**कर्णाली प्रदेश सरकार.................................**

निर्णय गरे पनि निर्णयहरू कार्यान्वयनमा जान नसक्दा मन्त्रीहरू पनि बेरोजगार जस्तै भएर रनभुल्लमा परेको देखिन्छ। कुन काम कसरी गर्ने भन्ने कुराको मेसो नपाएर पनि यस्तो समस्या आएको हो। कुनै संघ संस्थाको कार्यक्रम आयोजना भएमा प्रदेश सरकारको पूरै क्याबिनेट नै एउटै कार्यक्रममा देखिनु नौलो कुरा भएन,कर्णाली प्रदेशमा। उनले भने, 'हनि मै अल्फिएपछि अरु के नै गर्न सकिन्छ र ? कर्णालीमा सत्तापक्ष, प्रतिपक्ष जस्तो भएको र आफूहरू सत्तापक्ष जस्तो भएको देखिएको उनको भनाइ छ। सरकरले ऐन कानुन बनाउन ढिलाई गरेको उनको आरोप छ। सरकार ६५ प्रतिशत नम्बरसहित पास र सत्तापक्ष सत्तापक्षका सांसद गुलावजंग शाहले सरकार जटिलताबीच गठन भएकाले प्रगति कम भएको बताए। 'केन्द्र र स्थानीय तहका संरचना थिए। तर प्रदेशका कुनै पनि संरचना छैनन्,' उनले भने,'अब विस्तारै सरकारले गति लिनेमा म विश्वस्त छु।' अर्का सांसद विन्दमान बिष्टले सरकार ६५ प्रतिशत नम्बरका साथ पास भएको बताए। ऐन निर्माण गर्दा सबै पक्षसँग समझदारी कायम गर्दै अघि बढ्नु पनि सरकारको सफलता भएको विष्टको दावी छ। कर्णाली रारा पर्यटन वर्षको घोषणा, छिमेकी मुलुक चीन र भारतसँग जोड्ने त्रिदेशीय सडक जमुनाह कोहलपुर सुर्खेत दुल्लु गमगढी हुँदै नाग्चे लाग्ना सडकको शिलान्यास हुनु, हरेक महिनाको १ गते र १५ गतेलाई श्रम दिनको रुपमा मनाउने, प्राकृतिक विपदबाट पीडितहरूलाई राहत वितरण हुनु कर्णाली प्रदेशका सफल र सकारात्मक काम रहेका छन्। सरकारबाट धेरै आशा बोकेका नागरिकहरू अहिलेसम्मको कामबाट सन्तुष्ट देखिएका छैनन्। जुन गतिमा काम गर्नुपर्ने थियो त्यो हुन नकसकेको नागरिकको गुनासो रहेको छ।

**तिलागुफाको फोईकोट.................................**

गरिएको हो। उक्त घोषणा सभामा बोल्दै प्रमुख अतिथि कटुवालले नगरका सवै वडा सहित नगरलाई नै छाउगोठ मुक्त नगरका रुपमा घोषणा गर्ने अभियान संचालन गर्ने बताए। उनले सामाजिक कुसंस्कारका रुपमा रहेको छाउपडि प्रथालाई न्युनिकरण गर्न वडास्तरबाट अभियान चलाउने जानकारी दिए। महिनावारी भएका बेला घरवाहिर बस्दा अनिकौ समस्या हुने भएकाले तिलागुफा नगरपालिकाले थालेको अभियान जिल्ला व्यापी अभियानका रुपमा लागु गर्नुपर्ने बिग्रुपकी जिल्ला संयोजक दमिला शाहीले बताईन्। उनले छाउपडी गोठ मुक्त अभियानले तिलागुफा नगरपालिकामा अन्धविश्वास र कुरुती हटाउन सकारात्मक सन्देश प्रवाह गरेको बताईन्। उनले भनिन्, गोठमा बस्नु पर्ने र असुरक्षा, अस्वस्थता र विभेदको पीडाले थलिएका महिलाहरूका लागि ठूलो राहत पुगेको छ।

पलपल खबरबाट

**चामल ढुवानीमा......................................**

**चामल अभाव, सदरमुकाम मा फालाफाल**-जिल्लाका अधिकतर गाउँ तथा नगरपालिकाका स्थानीयले चामल पाउन सकेका छैनन्। तर सदरमुकाममा भने क्वीन्टलका क्वीन्टर चामल छन्। सदरमुकाम मान्ममा रहेको नेपाल खाद्य संस्थानको कार्यालयमा ६ सय ३२ क्वीन्टल चामल मौज्दात रहेको निमित्त कार्यालय प्रमुख खर्कबहादुर बुढाले बताए। जिल्लाका तीन ठाउँमा घर भएका वीरबहादुर विक र राम विक चामल लिन जिल्ला सदरमुकाम पुगेका छन्। गाउँको डिपो खाली भएपछि उनीहरू सदरमुकाम पुगेका हुन्। 'थिर्पु डिपोबाट चामल लिने गरेका थियौं,' वीरबहादुर विकले भने, 'खच्चरबाट चामल ढुवानी गर्नुपर्ने बाध्यता भयो। चामल थिर्पु भएको भए धेरै सुविधा हुने थियो।' हाल सदरमुकाम बाट कम्तिमा १२ देखि १५ क्वीन्टल चामल बिक्री भइरहेको निमित्त प्रमुख बुढाले बताए। तिलागुफा नगरपालिका मा रहेको खल्लागाड खाद्य डिपोमा ६० क्वीन्टल चामल मात्र मौज्दात रहेको डिपो प्रमुख प्रेमबहादुर थापाले बताए।

## ज्ञानमाला



१. नेपालको संविधान २०७२ पछीका दोस्रो प्रधानमन्त्री को हुन ?
-पुष्पकमल दाहाल 'प्रचण्ड'

२. उनी नेपालका कति औं प्रधान मन्त्री हुन ?
-३९ औं

३. उनी पहिलो चोटि प्रधानमन्त्री भएको कति दिन पछी दोस्रो पल्ट प्रधानमन्त्री भए ?
-२६,२८

४. उनी कहिले दोस्रोपल्ट प्रधानमन्त्रीमा निर्वाचित भए ?
- २०७३(०४(१९

५. दोस्रोपल्ट निर्वाचित हुँदा उनको पक्षमा र विपक्षमा कति मत खसेका थिए ?
- पक्षमा ३६३ र विपक्षमा २१०

६.सर्वोच्च अदालतका ११ जना न्यायाधीशको एकै साथ पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीले कहिले सपथ ग्रहण गराउनु भयो।
- २०७३-०४-२०

७. रियो ओलम्पिक २०१६मा सबैभन्दा कम उमेर कि पदक विजेता को हुन ?
-चीनकि १५ वर्षीय रेन चियान

८.सरकारले तराई लगायत विभिन्न जिल्लामा भएका आन्दोलनमा मारिएका ५२ जनालाइ कहिले सहिद घोषणा गर्यो ?
- २०७३-०५-०२


## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साझँ पख सधैं ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालीकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्बन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्बन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषताहरु

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com